नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५




वर्ष ३२ अंक ५० २०७९ साल भदौं ३० गते बिहीबार (15 Sep 2022 Thursday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

*यस अंक भित्र :* २ पृष्ठमा : राष्ट्रिय परिचयपत्र : अब समस्या... ३ पृष्ठमा : लगानीकर्तालाई सबै प्रकारको सुविधा ... ३ पृष्ठमापाकिस्तानमा चौबीस...

## दशगजामा वेवारिसे पुरुषको शव फेला



**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका १ स्थित दशगजा क्षेत्रमा बुधबार बिहान एक पुरुषको शव फेला परेको छ ।

पहाडी मूलका देखिने अन्दाजी ४०/४५ वर्षिय पुरुषको शव शंकास्पद अवस्थामा फेला परेको तथा पहिचान भने खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

बिहान शौचका लागि गएका केही स्थानियले तिलाठीस्थित राजविराज भन्सार कार्यालय, रम्पुरा मल्हनिया र सीमावर्ती भारतीय बजार कुनौलीदेखी ५ सय मिटरको मात्र दुरीमा रहेका दशगजा क्षेत्रमा भुईमा घोप्टो परेको तथा अर्धनग्न अवस्थामा यूवकको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

शरीरमा बाहिरी चोटपटकको डाम नदेखिएपनि पोष्टमार्टम रिपोर्ट आएपछि मात्र बास्तविक कुरा खुल्ने जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले बताए ।

शव पोष्टमार्टमाका लागि सदरमुकाम राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा पुऱ्याई घटना बारे थप अनुसन्धान भइरहेको उनले जानकारी दिएका छन् ।

मृतकको पहिचानका लागि हुलिया विवरणसहित अन्य प्रहरी निकायहरुमा पठाइएको र सनाखतको प्रयास भइरहेको समेत प्रहरीले जनाएको छ ।

## गौं हत्या गर्नेमाथी कारवाहीको माग गर्दै ज्ञापन

**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौ ।**



गौं हत्या जस्ता जघन्य अपराधका दोषिमाथी कडा कारवाहीको माग गर्दै बुधबार माँ वैष्णवकाली सेवा समिति राजविराज, सदगुरु कवीर ज्ञान प्रचार संघ र चित्रगुप्ता सेवा समिति सप्तरीले संयुक्त रुपमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा ज्ञापन बुझाएको छ ।

प्रमुख जिल्ला अधिकारी नुरहरि खतिवडालाई बुझाइएको ज्ञापनमा हिन्दुहरु गाईलाई आमाको रुपमा पुजा गर्ने भएकाले हिन्दुहरुको आस्थामाथी खेलवाड गर्ने जो सुकैलाई कानुनी दायरामा ल्याई न्याय सम्वत कारवाही गर्नु पर्ने उल्लेख छ ।

गौं हत्या जस्तो जघन्य अपराधले हिन्दुमाथीको आस्था एवं भवनामा गम्भिर चोट पुऱ्याएको भन्दै गृह मन्त्रालय समेतलाई बोदार्थ गरिएको ज्ञापनमा नेपालको राष्ट्रिय जनावरको रक्षा एवं बहुसंख्यक जनताको भावनाको कदर गर्दै गौं हत्या एवं गौं तस्करीमा संलग्न अपराधीलाई बचाउन खोज्ने तत्वलाई समेत कडा भन्दा कडा कारवाही गर्न माग गरिएको छ ।

सप्तरीको महदेवा गाउँपालिका ४ बलियाका सकुर मियाँ र उनका छोरा इलियास मियाले गत शुक्रबार एक बाच्छीलाई मारेका थिए । सो अभियोगमा सकुर मियाँलाई प्रहरीले पक्राउ गरेको छ भने उनका छोरा अझै फरार छन् ।

## दुई हजार बढी सक्रिय संक्रमित

काठमाडौँ, २९ भदौ (रासस) ।

पछिल्लो समय कोरोना संक्रमण विस्तारै ओरालो लाग्न थालेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त तथ्याङ्कअनुसार कोरोना भाइरसको संक्रमण दर लगातार घटिरहेको छ ।

मन्त्रालयका अनुसार बुधबार एक सय १९ जनामा संक्रमण पुष्टि भएको छ । चार हजार ८४ नमूनाको परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । बुधबार एक सय ३० संक्रमणमुक्त भएका छन् ।

देशभर सक्रिय संक्रमितको संख्या दुई हजार एक सय ९१ छ । काठमाडौँमा पाँच सय बढी, ललितपुर र चितवनमा दुई सय बढी सक्रिय संक्रमित छन् भने ताप्लेजुङ, मनाङ, मुस्ताङ, अर्घाखाँची, हुम्ला, डोल्पा, मुगु, जुम्ला, बझाङ र दार्चुलामा सक्रिय संक्रमित छैनन् ।

सक्रिय संक्रमितमध्ये होम आइसोलेसनमा दुई हजार एक सय होम आइसोलेसनमा, ७२ संस्थागत आइसोलेसनमा, १९ आइसियुमा र एक जना भेन्टिलेटरमा उपचाररत छन् । कोरोना भाइरस संःक्रमणबाट हालसम्म १२ हजार १५ ले ज्यान गुमाएका छन् ।

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**
**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

### चर्को स्वरमा बजाउने साउण्डप्रति बन्देज कहिले !

कुनै पनि सार्वजनिक स्थलमा हुने कार्यक्रम तथा धार्मिक वा विवाह, पुजा प्रयोजनमा चर्को स्वरमा बजाउने साउण्डलाई नियन्त्रण गर्नेतर्फ प्रशासन पूर्णरुपले असफल भएको छ । यस्ता कार्यले ध्वनी प्रदुषणलाई प्रोत्साहन दिने गर्छ । जसकारण मुटु रोग, स्वास्थ्यस्थिति कमजोर भएका मानिसहरुलाई यसले निकै नै हानि पुऱ्याउने गर्छ । प्रदुषण भनेको हावालाई मात्र नसम्झेर कुनै पनि ध्वनी चर्को आवाजमा बजाउनुलाई पनि सम्झनु पर्दछ । यसले मानव जिवनमा वेफाइदा पुऱ्याउनुदेखी मानविय जिवनलाई कुनै पनि प्रकारबाट पुऱ्याइरहेको हानीलाई पनि बुझ्नुपर्दछ ।

एक दशक अघि यस्ता ध्वनीलाई सप्तरी जिल्ला अदालतले नियन्त्रण गर्न आदेश नै दिएको थियो । तर, हालसम्म पनि अदालतका आदेश कागजमै सीमित भएको छ । अदालतले ध्वनी प्रदुषण गर्नेलाई कारवाही गर्न जिल्ला प्रहरी, प्रशासन लगायत सरोकारवाला निकायलाई निर्देशानात्मक आदेश दिएको थियो । तर, त्यसको पालना हालसम्म हुन सकेको छैन् । यसरी कुनै पनि निर्णय गर्नु अगावै त्यसको कार्यान्वयन पक्षलाई समेत ध्यान पर्ने हो । तर, यस जिल्लामा गरिने निर्णयहरु जहिले पनि हचुवाको तालमै हुने गरेको छ । राजनीतिक भाषणमा समेत नगरको विभिन्न स्थानमा साउण्ड बक्स जडान गरि ठूला ठूला स्वरमा आवाज आउने गरेको छ । यति मात्र नभएर धार्मिक प्रवचनको नाममा पनि ध्वनी प्रदुषण हुने गरेको छ ।

तसर्थ ध्वनी प्रदुषण रोक्नका लागि सम्बन्धीत निकायले कार्यान्वयन पक्षलाई बलियो बनाउनुदेखी कारवाहीसम्मको प्रक्रियामा जानुपर्छ । यसका लागि स्थानिय सरकार तथा प्रहरी प्रशासनले आवश्यक पहल गर्नेतर्फ अग्रसर हुनु आवश्यक छ ।

# राष्ट्रिय परिचयपत्र : अब समस्या छैन

**नारायण ढुङ्गाना**
काठमाडौँ, २९ भदौ (रासस) ।

रोमानिया जाने योजना बनाएर राहदानी बनाउन काठमाडौँ जिल्ला प्रशासन कार्यालय आउनुभएका शङ्खरापुर नगरपालिकाका प्रदीप शिवभक्तिलाई १० महिनाअघि राष्ट्रिय परिचयपत्र बनाउँदाको दुःख सम्झन मन छैन ।

त्यो बेला राष्ट्रिय परिचयपत्र बनाउन यही कार्यालयमा उहाँ वाक्कदिक्क हुनुभएको थियो । "त्यो बेलाको भिड दुःख सम्झन चाहन्न", उहाँले फोटो खिच्ने ठाउँ औँल्याउँदै भन्नुभयो, "ऊ त्यहाँ हेर्नुस् अहिले त भिडै छैन ।" केहीबेर गफिएपछि त्यो बेला ( परिचयपत्र बनाउँदा) को हप्ता दिनको कष्ट उहाँले राससँग खोल्न थाल्नुभयो ।

शिवभक्तिले पहिलो दिन राष्ट्रिय परिचयपत्रका लागि फाराम भर्नुभयो । त्यो बेला टोकन प्रणाली चल्थ्यो । "फाराम भरेपछि टोकन लिन कहाँ सिजिलो थियो र ? राती १२ बजेतिरै लाइनमा बस्नु पर्थ्यो, नत्र पालो पाउनै मुस्किल थियो, त्यस दिन राती २ बजे आउँदा काठमाडौँ प्रशासन कार्यालय अगाडिको सडकमा टन्न लाइन, थेगिनसक्नु भिड थियो, सबैभन्दा अन्तिममा लाइन समाए", उहाँले भन्नुभयो ।

उहाँले कुर्दाकुर्दा दोस्रो दिन बिहान बल्ल टोकन भेट्टाउनुभयो । टोकन नलगी प्रशासन कार्यालय जानुको अर्थ थिएन । उहाँ तेस्रो दिन बिहान टोकन बोकेर बल्ल कार्यालय छिर्नुभयो । भित्र पनि थेगिनसक्नु सेवाग्राही थिए । ठेलमठेल भीडका बीचमा उहाँ पनि पस्नुभयो । फेरि मानिसको तानातान, मारामार, झगडा मिलाउन प्रहरीलाई हम्मेहम्मे पर्थ्यो ।

उहाँ त्यो भीडमै हराउनुभयो र त्यसदिन रित्तो हात घर फर्कनुभयो । चौथो दिन पनि गेट बाहिर बाक्लै भीड थियो । गेट खोल्ने बित्तिकै तछाडमछाड गरेर मानिस भित्र पसे । त्यसबेला कतिका लगाएका सामान हराउँथे, कति थिचिन्थे, कति कुटिन्थे, पत्तो हुँदैनथ्यो । निरीह बनेर फर्कनुपर्ने बाध्यता थियो । "त्यस दिन ठेलमठेल भीडमै झगडा पनि भयो । जति प्रयास गर्दा पनि पालै पाइएन । फेरि अर्को दिन (पाचौं दिन) टोकन बोकेर आउँदा बल्ल फोटो खिच्न पाएँ ।"

परिचयपत्र कहिले आउने हो थाहा छैन तर एउटा स्लिप दिँदो रहेछ । त्यो पाउँदा ठूलै जित हासिल भएको महसुस भयो शिवभक्तिलाई । त्यस कागजमा राष्ट्रिय परिचयपत्रको नम्बर हुन्छ । रोमानियाको भिसा लागेपछि त्यही कागज बोकेर उहाँ राहदानीका लागि आउँदा उहाँले राससँग यी कुरा खोल्नुभयो ।

उक्त टोकन प्रणालीमा दलाल सक्रिय भएपछि त्यो प्रणाली असफल हुन पुग्यो । यसअघिका काठमाडौँका प्रमुख जिल्ला अधिकारी गोविन्द रिजाल टोकन प्रणालीमा अन्य व्यक्तिले लिएर 'ब्ल्याक'मा बेच्न थालेकाले त्यो प्रणाली हटाएको बताउनुहुन्छ ।

त्यसपछि म्याद तोक्ने प्रणालीको विकास भयो । पछि केही होलो त भयो तर भिड भने घटेन । भिड रोक्न विभिन्न उपाय अवलम्बन गरियो । त्यसले भीड केही कम गरेको सुनाउँछन् प्रशासनका अधिकारी ।

काठमाडौँको जडिबुटीकी सविना कार्कीले गएको असारमा फाराम भर्दा दुई महिनाको म्याद पाउनुभयो । अरुले पाँच/सात महिनामा पालो नपाइरहेका बेला दुई महिनाको पालो आउने मिति देख्दा औधी खुसी लागेको उहाँले सुनाउनुभयो । "खै मेरो पालामा फाराम भर्ने नै कम भएर पो हो की दुई महिनामा पालो आयो, अहिले सामान्य त्रुटी देखिएकाले सच्याउन आएकी हुँ", उहाँले अनुभव सुनाउनुभयो । अघिल्लो हप्ता उहाँले सच्याउन फाराम भर्दा पुसमा पालो देखाइएको थियो । पुरानो सच्याउन आएको भनेपछि त्यही दिन नै काम सकेर उहाँ फर्किनुभयो ।

अहिले अनलाइन फाराम भर्दा पुस, माघको मिति दिने गरिएको छ । स्वचालित रूपमा अनलाइन फाराममा त्यो देखाउँछ । आवश्यक छ भनेर अनुरोध गरेर आउने सेवाग्राहीलाई रित्तो हात पठाउने गरिएको भने छैन । आवश्यकता पर्नेको हकमा सहजिकरण गर्ने गरिएको गृह मन्त्रालयको राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागका महानिर्देशक तिर्थराज भट्टराई बताउनुहुन्छ ।

उहाँका अनुसार साउन मसान्तसम्ममा मुलुकभर ८६ लाख जनाले परिचयपत्र बनाइसकेका छन् । हरेक महिना झण्डै पाँच लाख जनाले परिचयपत्र बनाउने गरेकाले त्यही हाराहारीमा यो महिनामा बनेको उहाँको अनुमान छ । सबै तथ्याङ्क आउन भने बाँकी रहेको भट्टराईले बताउनुभयो ।

अहिले ७७ वटै जिल्ला प्रशासनमा अनलाइनमार्फत काम हुन्छ । यसका साथै ४२ वटा इलाका प्रशासन कार्यालयबाट पनि परिचयपत्र बन्छ । धनुषा र सिराहाका पालिकामा पनि परिचयपत्र बनाउने काम सुरु भएको छ । नारायणहिटीका साथै काठमाडौँ र ललितपुरमा विभिन्न प्रदेश तोकेर उपत्यकामा हुने सेवाग्राहीका लागि सहजिकरण गरिएको छ । काठमाडौँ महानगरपालिकाका वडा तथा राष्ट्रिय सभागृहबाट समेत दिन थालिएको छ ।

भट्टराईका अनुसार अहिले ३८ जिल्लामा परिचयपत्र बनाउने काम सकिएको छ । कुल ७० प्रतिशत मतदाताले बनाए भने त्यो ठाउँमा परिचयपत्र बनाउने काम सफल भएको मानिन्छ । सोही आधारमा ३८ जिल्लामा काम पुरा भएको र अहिले मोरङ, सुनसरी, सिराहा, धनुषा, दोलखा, गोरखा र बागलुङ, दार्चुला, दाङ, बर्दिया लगायत १३ जिल्लामा समस्या पनि छन् । ती जिल्ला प्रशासनमा परिचयपत्र बनाउने काम भने जारी नै छ ।

"मान्छेले विवरण सही नराख्दा बिग्रिने कारण सच्याउन झन्झट हुने गरेको छ । त्यसका अतिरिक्त दर्ता अपरेटर न्युन छन्, भत्ता कम भएकाले प्रोत्साहन नहुने हुँदा छाडेर जाने अवस्था पनि रहेको तथा कम्प्युटर, ल्यापटप एवं विविध प्राविधिक समस्यासमेत आउने गरेको छ", महानिर्देशक भट्टराई भन्नुहुन्छ, "राज्यको रुपान्तरणकारी अभियान भएकाले नागरिकले कसरी सहज रूपमा परिचयपत्र प्राप्त गर्न सक्छन् भन्नेमा नै ध्यान रहेको छ । "

विगतमा अत्यधिक चाप भएको स्वीकार गर्दै भट्टराईले काठमाडौँमा विशेष व्यवस्था पनि गरिएको जानकारी दिनुभयो । अहिले धेरै समस्या समाधान भइरहेको उहाँले बताउनुभयो । नियन्त्रण गर्ने उपायस्वरुप बिहान ९ देखि साँझ ६ बजेसम्म अभियान सञ्चालन गरेकाले समस्या हटेको उहाँले सुनाउनुभयो । उहाँले अहिले अनलाइन फाराम भर्दा पुसको मिति देखाउने तर आवश्यक छ भने त्यो मितिका कारण नरोकिने पनि स्पष्ट पार्नुभयो ।

राष्ट्रिय परिचयपत्र व्यक्तिको परिचय प्रमाणिकरणको डिजिटल समाधान हो । डिजिटल विशेषता रहेकाले अहिलेको आधुनिक युगमा यसलाई सार्वजनिक सेवासँग अन्तरसम्बन्धित गराइ विविध कामका लागि प्रयोगमा ल्याउन सकिने हुनाले यसको अत्यन्त महत्व रहेको छ ।

नेपाल सरकारले २०६६/६७ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमार्फत सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रका रूपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटोसहितको बायोमेट्रिक स्मार्ट कार्डको प्रयोग गर्ने व्यवस्था गरिनेछ र यससम्बन्धी व्यवस्था कार्यान्वयनका लागि एउटा छुट्टै केन्द्रीय निकाय खडा गरिनेछ भनी घोषणा गरिएको थियो । सरकारले २०७५ बाट परिचयपत्र वितरण थालेको हो ।

**काठमाडौँमा यसरी सुधार गरियो**

भीड बढी भएर काठमाडौँ प्रशासनले थेग्न नसकेपछि शुरुमा दक्षिणकाली र कीर्तिपुर नगरपालिकामा एउटा वटामा दुई स्टेशन (अस्थायी कार्यालय) राखेर सेवा दिन थालियो । त्यहाँबाट सेवा दिँदा केही सहज भयो । त्यसपछि अर्को सुधारको कामअनुसार फर्पिङ् र साँखु इलाका प्रशासनबाट पनि एक/एक स्टेशन थपेपछि प्रशासनमा आउने भीड कम भयो । अहिले आठ स्टेसनबाट सेवा दिइरहेकामा अझै थप्ने योजना बनाइएको छ ।

अझै भीड घटाउने योजनाअनुसार धेरै जनशक्ति भएको कार्यालयमा त्यहीं नै एक दुई दिन अस्थायी रूपमा परिचयपत्रको फोटो खिच्ने काम गर्ने योजना बनाइएको छ । शिक्षण अस्पताल, प्रहरीका कार्यालयलगायत विभिन्न स्थानमा स्टेशन राखेर सेवा सहज बनाउने योजना काठमाडौँ प्रशासनको छ ।

प्रशासनमा आउन नपर्ने गरी अस्थायी कार्यालय खडा गरी सेवा दिन लागेकाले भीडभाड कम हुन थालेको हो । "कतिपय सेवाग्राहीले अनलाइन फाराम भर्दा धेरै पछाडिको मिति आउने रहेछ, त्यो पनि सुधार हुँदै छ, आवश्यकता छ भने पछाडीको मिति पाएकाको हकमा तत्कालै काम हुन्छ, हालका काठमाडौँका प्रजिअ घनश्याम उपाध्यायले भन्नुभयो, "अब समस्या छैन ।"

केही अघि मात्रै ललितपुरबाट सरुवा भएर आउनुभएका प्रजिअ उपाध्यायले ललितपुरमा विगतमै सामान्य बनाइएको र अब काठमाडौँको पनि समस्या हटेको बताउनुभयो । उहाँले आफू आउने बित्तिकै दैनिक तीन सय जनाले बनाउने गरेकामा चार सयले बनाउन पाउने व्यवस्था गरिएको जानकारी दिनुभयो । अझै सुधार गर्ने योजना रहेको र धेरै जनशक्ति भएको संस्थामा त्यहीं गएर पनि काम गरिने उहाँले बताउनुभयो ।

उहाँका अनुसार थोरै फाराम खुल्ने भएकाले राहदानीमा भने समस्या रहेको छ । काठमाडौँ प्रशासनमा बागमती प्रदेशका १४ जिल्ला, धनुषा र पर्साका नागरिकको परिचयपत्र बन्छ । काठमाडौँको हकमा भने इलाका प्रशासन कार्यालय, पालिकाबाट समेत सेवा दिने भएकाले समस्या हटेको जनाइएको छ । त्यसैले आजको आजै परिचय पाउने व्यवस्था मिलाउन थालिएको छ । परिचयपत्र बनाउन अनलाइन फाराम र सक्कल कागजात ल्याउनुपर्छ । विवाहितका हकमा विवाह दर्ता प्रमाणपत्र भएमा परिचयपत्र बन्छ । फोटोकपि भने प्रणालीले स्वीकार गर्दैन ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# लगानीकर्तालाई सबै प्रकारको सुविधा दिन सरकार तयार छ : प्रधानमन्त्री

काठमाडौँ, २९ भदौ (रासस)।

प्रधानमन्त्री शेरबहादुर देउवाले वर्तमान सरकारले लगानीका क्षेत्रको विस्तार गर्दै सार्थक वातावरण सुनिश्चित गर्न लागिपरेको बताउनुभएको छ।

उहाँले लगानीकर्तालाई सबै प्रकारको सुविधा उपलब्ध गराउँदै विकास र समृद्धिप्रतिको आकांक्षा पूरा गर्न आवश्यक पर्ने दायित्वप्रति प्रतिबद्ध रहेको बताउनुभयो।

लगानी बोर्डले बुधबार यहाँ आयोजना गरेको 'दिगो पूर्वाधार लगानी फोरम-२०२२'लाई सम्बोधन गर्दै उहाँले भन्नुभयो "दिगो विकास र भविष्य निर्माण गर्न हाम्रो साझेदारी र सहकार्यलाई अझ बलियो बनाऔं। हामीसँग दिगो विकास लक्ष्यको कार्यान्वयनमा ध्यान केन्द्रित गर्ने अवसर छ।"

प्रधानमन्त्री देउवाले सीमित स्रोत र साधनका कारण अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने पूर्वाधारलाई रूपान्तरण र आधुनिकीकरण गर्न प्रयोग गर्नुपर्ने बाध्यता सुनाउनुभयो। सरकारले पूर्वाधारको विकासलाई केन्द्रमा राखेर १५औं आवधिक योजना कार्यान्वयन गर्दै आएको जानकारी दिँदै उहाँले सन् २०४५ सम्ममा शुन्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न अन्तरराष्ट्रिय स्तरमा प्रतिवद्धता व्यक्त गरिएको र त्यो पूरा हुने विश्वास व्यक्त गर्नुभयो।

दिगो विकास लक्ष्य हासिल गर्न पूर्वनिर्धारित १९ अर्ब अमेरिकी डलर आवश्यक पर्ने भएपनि महामारी र भूराजनीतिक सङ्कटले थप आवश्यकताको खोजी गरेको उहाँको भनाइ छ।

सरकारले आन्तरिकरूपमा निजी क्षेत्र र विदेशी लगानीकर्ता दुवैलाई पूर्वाधार क्षेत्रमा लगानीका लागि आमन्त्रण गरेको र त्यसका लागि सरकारको तर्फबाट गर्नुपर्ने सबै प्रकारका सहयोग उपलब्ध गराउन तत्पर रहेको उहाँले बताउनुभयो।

उहाँले सार्वजनिक निजी साझेदारीमार्फत अवसरको थप खोजी र सदुपयोग गर्नुपर्ने बताउनुभएको छ। लगानी बोर्डले वैदेशिक लगानी भित्र्याउनका लागि निर्णायक भूमिका खेलेको जानकारी दिनुहुँदै उहाँले ३३ आयोजनाका लागि करिब नौ खर्ब बराबरको लगानी स्वीकृत गरिसकेको बताउनुभयो। तीमध्ये धेरै आयोजना हरित र स्वच्छ ऊर्जासँग सम्बन्धित छन्।

लगानीकर्तालाई द्रुत गतिका सेवा प्रदान गरी लगानीको अभिवृद्धि गर्दै उनीहरूको विश्वासलाई थप विस्तार गर्न सरकार प्रयासरत रहेको प्रधानमन्त्री देउवाले बताउनुभयो। उहाँले दिगो पूर्वाधार विकासको लागि लगानी सुरक्षित गर्न व्यावहारिक उपायको अन्वेषण र साझेदारी गर्ने प्रयासका रूपमा आफूले लिएको बताउनुभयो।

सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गरिने प्राविधिक र आर्थिक दृष्टिले सम्भाव्य लगानीयोग्य परियोजनाको सङ्ग्रहको सूची तयार गर्ने उद्देश्यले लगानी बोर्डले तयार पारेको परियोजना बैङ्क निर्देशिका बोर्डका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री देउवाबाट सार्वजनिक गरिएको छ।

लगानीकर्ता सहजीकरणका लागि तयार पारिएको एकल बिन्दु सेवा केन्द्र डिजिटल सिष्टमको पनि उहाँले शुभारम्भ गर्नुभयो। उक्त डिजिटल प्लेटफर्ममार्फत् लगानीकर्ताले लगानीका विषयमा जानकारी तथा जिज्ञासा राख्न सक्नेछन्। लगानी सहजीकरणसँग सम्बन्धित सबै निकाय आवद्ध भई शीघ्र र प्रभावकारी सेवा प्रदान गर्नेछन्।

यस्तै प्रधानमन्त्री देउवाले नेपालमा रासायनिक मल कारखाना स्थापनाका लागि बोर्डद्वारा तयार पारिएको अध्ययन प्रतिवेदन सार्वजनिक गर्नुभयो। सो अध्ययन प्रतिवेदनमा इलेक्ट्रोलाइसिस र प्राकृतिक ग्यासबाट मलकारखाना सञ्चालनको तुलनात्मक अध्ययन प्रस्तुत गरिएको छ।

लगानी बोर्डको कार्यालयले लगानी आकर्षण र सहजीकरणका लागि परिपक्व भूमिका निर्वाह गरेको भन्दै सो अवसरमा उहाँले धन्यवाद व्यक्त गर्नुभयो। उहाँले नेपालले सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जनको लक्ष्य प्राप्तिका लागि साध्य र साधन तयार हुनुपर्ने बताउनुहुँदै यस उद्देश्य प्राप्तिका लागि सहयोग बढाउन विकास साझेदारलाई आह्वान गर्नुभयो।

लगानी बोर्डको कार्यालयको लगानी प्रवर्द्धनको मुख्य उद्देश्यसहित स्वदेश र विदेशमा यस्ता प्रवर्द्धनात्मक कार्यक्रम अगाडि बढाइएको प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले जानकारी दिनुभयो। उहाँले निजी लगानीकर्तालाई विश्वसनीय, लगानी योग्य, दिगोपनसहितका परियोजना बैङ्कका लागि निर्देशिका तयार भएको बताउनुभयो।

परियोजनाको पूर्वनिर्धारित संरचना, प्रणालीगत र पारदर्शी प्रक्रिया अपनाएर परियोजनाको पहिचान, छनौट मूल्याङ्कन तथा प्राथमिकता विकास गर्ने उद्देश्यसहित निर्देशिका तयार पारिएको बोर्डले जनाएको छ। सोही निर्देशिकाको आधारमा परियोजना तयार हुनेछन्। ती परियोजनाको बजारीकरण गरी निजी लगानीकर्ता आकर्षण गर्ने लक्ष्य राखिएको छ।

सार्वजनिक निजी साझेदारी तथा लगानी ऐनले बोर्डलाई कार्यान्वयन गर्ने निकायको रूपमा विकास गरेको छ। १५औं पञ्चवर्षीय योजनाले ५५.६ प्रतिशत लगानी निजी क्षेत्रबाट आकर्षण गर्ने लक्ष्य राखिएको छ। तर, परियोजना छनौट नहुँदा बोर्डले आवश्यक सहजीकरण गर्न सकेको छैन। कार्यक्रममा सतलज विद्युत् निगम, हुवासिन नारायणी सिमेन्ट, माथिल्लो त्रिशुली एक परियोजना सम्बद्ध अधिकारीले नेपालमा लगानीमैत्री वातावरण तयार भएको भन्दै थप लगानीका लागि आफूहरू तयार रहेको बताएका थिए।

# अनुसन्धानका लागि बहालवाला न्यायाधीशलाई बोलाइने

काठमाडौँ, २९ भदौ (रासस)।

महाअभियोग सिफारिस समितिले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरासँग वयानका क्रममा नाम आएका बहालवाला न्यायाधीशलाई पनि बोलाउने निर्णय गरेको छ।

सिंहदरबारस्थित बुधबार बसेको समितिको बैठकले निलम्बित प्रधानन्यायाधीश राणाले वयानका क्रममा नाम लिएका बहालवाला न्यायाधीशलाई पनि बोलाउने निर्णय गरेको समितिका सचिव लक्ष्मीप्रसाद गौतमले जानकारी दिनुभयो।

“निलम्बित प्रधानन्यायाधीश राणासँग अनुसन्धानका लागि लिइएको वयानका क्रममा नाम जोडिएर आएका नाम सङ्कलन गरी बोलाउछौं”-उहाँले भन्नुभयो, “वयानमा नाम जोडिएर आएका वहालवाला न्यायाधीश, पूर्वन्यायाधीश, नेपाल बार, सर्वोच्च बार, वरिष्ठ अधिवक्ता र अधिवक्तालाई पत्राचार गर्ने निर्णय भएको छ।”

समितिको अर्को बैठक बिहीबार बिहान ८:३० मा बस्ने छ। निलम्बित प्रधानन्यायाधीश राणासँग महाभियोग सिफारिस समितिले पहिलो चरणको बयान लिने काम मङ्गलबार सकिएको छ। समितिले यही भदौ ८ गते वयान लिने निर्णय गरी भदौ १६ गतेदेखि वयान लिन सुरु गरेको थियो भने हिजो पाचौँ दिन पहिलो चरणको वयान सकिएको थियो।

राणाविरुद्ध गत फागुन १ मा प्रतिनिधिसभाका ९८ सांसदले महाभियोग प्रस्ताव दर्ता गर्नुभएको थियो। संसद्ले महाभियोग सिफारिस समिति गठन गरे पनि यही भदौ १ गते पहिलो बैठक बसेको थियो। राणाविरुद्ध नेपाल बार एसोसिएसन र सर्वोच्च बार एसोसिएशनले महाअभियोग पुष्टि गर्न ३४ बुँदेपत्र समितिलाई बुझाएको थियो। उक्त पत्रमा महाअभियोग लगाउने आधार र कारण समेत समेटिएको छ।

समितिले निलम्बनमा पर्नुभएका प्रधानन्यायाधीशलाई प्रश्नहरू सोध्ने र राणाले प्रश्नको जवाफ दिने पहिलो चरणको क्रम सकिए पनि पूरक प्रश्न सोध्ने र वयानका क्रममा आएका व्यक्तिहरूसँग पुनः सवाल जवाफ गर्ने समितिको तयारी छ।



डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास,
कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट),
हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### पाकिस्तानमा चौबीस घन्टायता बर्षा र बाढीबाट चौवन्नको मृत्यु

इस्लामावाद, २९ भदौ (रासस/सिन्ह्वा)।

पाकिस्तानका विभिन्न भागमा अविरल वर्षासँगै आएको बाढीमा परी गएको २४ घन्टा यतामात्र ५४ जनाको ज्यान गएको छ। साथै बाढीमा परेर अरु कैयौं व्यक्ति घाइते भएका बताइएको छ।

बितेका दुई महिनामा यहाँका एक हजार चार सय ८१ को बाढीबाट ज्यान गएको बताइएको छ।

त्यसैगरी पाकिस्तानको राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरण (एनडिएमए)ले यहाँका हजारौं व्यक्ति बाढी र पहिरोमा परेर घाइते भएका जनाएको छ।

एनडिएमएले मङ्गलबार प्रकाशन गरेको एक तथ्याङ्कमा सो कुराको जानकारी दिइएको हो। मङ्गलबार रातिसम्म बाढीमा परेर ५४ जनाको ज्यान गएको र अरु छ जना घाइते भएका सो संस्थाले जनाएको छ। बाढीबाट सबैभन्दा बढी पाकिस्तानको दक्षिणी प्रान्त सिन्ध प्रभावित भएको छ।

सिन्धमा मङ्गलबार मात्र ४४ जनाको ज्यान गएको हो। तीमध्ये अधिकांश बालबालिका र महिला परेका बताइएको छ।

यहाँका तीन करोड ३० लाखभन्दा बढी नागरिक बाढीबाट प्रभावित भएका छन्। हजारौं घर बाढीले बगाएको र लाखौंलाख नागरिक घरबिहनी भएर आश्रय लिइरहेका छन्।

उत्तरपश्चिमी प्रान्त खैबर पख्तुनख्वा, पञ्जाव प्रान्तमा पनि बाढीले असर गरेको छ। सबैभन्दा बढी सिन्धमा र त्यसपछि बलुचिस्तान, गिलगिट र बाल्टिस्तान क्षेत्र बाढीको चपेटामा परेका छन्।

बाढीबाट देशको भौतिक संरचनामा पनि अकल्पनीय क्षति पुगेको यहाँका अधिकारीले जनाएका छन्। बाढीले निम्त्याएको विनाशसँगै १२ अर्ब डलरभन्दा बढीको आर्थिक क्षति भएको अनुमान गरिएको छ।

### साझा चुनौतीको समाधान गर्न ऐक्यबद्धरुपमा लाग्नुपर्छ : राष्ट्रसंघीय महासचिव

संयुक्त राष्ट्रसङ्घ, २९ भदौ (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसले विश्वमा देखा परिरहेका विभिन्न साझा समस्या तथा चुनौतीहरुको समाधानाका लागि विश्वका देशहरु ऐक्यबद्ध भएर लाग्नुपर्ने बताउनुभएको छ।

मङ्गलबार संयुक्त राष्ट्रसङ्घको ७७औं महासभाको उद्घाटनका क्रममा उहाँले सो कुरा बताउनुभएको हो। उहाँले यस्ता समस्याको समाधानका साथै आगामी दिनमा पनि देखा पर्नसक्ने सबै प्रकारका चुनौतीहरुलाई समाधान गर्नका लागि सबै सदस्य राष्ट्र एक भएर लाग्नुपर्ने बताउनुभयो।

सो सभालाई सम्बोधन गर्दै महासचिव गुटरेसले यसअघिको ७६औं महासभाको उद्घाटनका क्रममा पनि हाम्रासामु धेरै प्रकारका चुनौतीको पहिचान भएको थियो, तर ती अहिले पनि हामीसँगै छँदैछन् भन्नुभयो।

ती समस्यालाई आगामी दिनमा सबैको समान प्रयासबाट समाधान निकाल्न सकिन्छ उहाँले भन्नुभएको छ। शान्ति, मानवअधिकार तथा जलवायु परिवर्तनका समस्या हाम्रा सामु रहेकाले तिनको समाधानका लागि राष्ट्रसङ्घका सबै सदस्य राष्ट्र लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो।

### भारतमा कोरोना भाइरसबाट थप पाँच हजार संक्रमित

नयाँदिल्ली, २९ भदौ (रासस/एएनआई)।

भारतमा कोरोना भाइरसबाट थप पाँच हजार सङ्क्रमित भएका छन्।

सरकारी अधिकारीले बुधबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा पाँच हजार एक सय आठ जना नयाँ सङ्क्रमित भएका हुन्।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या भने ४५ हजार सात सय ४९ रहेको सङ्घीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा पाँच हजार ६७५ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। योसँगै अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या चार करोड ३९ लाख ३६ हजार ९२ पुगेको छ।

मन्त्रालयका अनुसार पछिल्लो एक दिनमा तीन लाख ५५ हजार २३१ जनाको कोरोना परीक्षण गरिएको थियो।

भारतमा कोरोना भाइरस न्युनिकरणका लागि देशव्यापी निःशुल्क खोप अभियान चलाईरहेपनि दैनिकरुपमा हजारौ मानिस सङ्क्रमित भइरहेका छन्। मृतकको सङ्ख्या भने पछिल्लो समय निकै घटेको पाइएको छ।

# खडकको अधिकांश बिधालयका बालबालिकाले त्रैमासिक परीक्षा सकिएपनि पाठ्यपुस्तक पाएनन्




**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौ ।**

सप्तरीको खडक नगरपालिकाका अधिकांश बिधालयका बालवालिकाहरूले त्रैमासिक परीक्षा सकिएपनि पाठ्यपुस्तक अझै पाउन नसकेको गुनासो गरेका छन् ।

बालमैत्री समाजको आधार, जिम्मेवार परिवार उतरदायी सरकार नारासँग राष्ट्रिय बाल दिवस २०७९ को अवसरमा खडक बाल कचहरी तथा बाल सम्वाद कार्यक्रममा सहभागि विद्यार्थीहरुले सो गुनासो गरेका हुन् ।

कार्यक्रममा नगरबाल संजालका अध्यक्ष प्रलाथ चौधरीले त्रैमासिक परिक्षा भईसकेको अबस्थामा हातमा किताब पाउन नसकेको गुनासो गरे ।

उक्त अवसरमा नगर प्रमुख जयप्रकाश चौधरीले नगरको गुणस्तरिय शिक्षाका लागि गम्भिर रहेकोले बिधालयमा नियमित पठनपाठन, अनुगमन र समयमै नियमित पाठ्यपुस्तक उपलब्ध गराउने प्रतिबद्धता जनाए । उनले शैक्षिक समस्या र शिक्षाको सुधारका लागि सबै नगरवासी र स्थानिय निकाय, अभिभावक, सरोकारवाला निकायहरू एकजुट भएर अभियानको रूपमा नचलाएसम्म शैक्षिक सुधार नहुने जिकिर गरे ।

प्रमुख चौधरीले स्वास्थ चौकीमा औषधी र बिधालयमा शिक्षक छैन भन्ने कुराको जानकारी गराउन आग्रह गर्दै त्यस्ता समस्याहरुको तुरून्त सामाधान गर्ने दाबी समेत गरे । लागू औषध न्युनिकरणका लागि योजनाबद्ध रूपमा कार्यक्रम ल्याउने बताउदै उनले नगरलाई चाडै पुर्ण सरसफाई मुक्त गाउँ बनाउने योजना रहेकोले फोहोर ब्यबस्थापन गर्न केही प्राबिधिक कारण फोहोर उठाउन समय लागेकोको बताए ।

सो अवसरमा बालवालिकाहरूले नगरभित्रका सरोकारवाला निकायहरूसँग गुणस्तरिय शिक्षा, वालविवाह, शुद्ध खानेपानीको ब्यबस्थापन, वालश्रम, लागुआषैधको न्युनिकरण गर्न तथा समयमा पाठ्यपुस्तक पाउन नसकेको र बिधालय सम्म आवतजावत गर्न समस्या हुने गरेको बालवालिकाहरूले आ-आफनो जिज्ञासा राखेका थिए ।

बुधवारै खडक नगरपालिका वडा नं. ६ स्थित भ.स.रा.ज. माबि कल्याणपुरमा नगरबाल संजालको आयोजनामा तथा सबल नेपाल, सेभद चिल्ड्रेन र महिला बालवालिका तथा जेष्ठ नागरिक शाखा खडक नगरपालिककाको समन्वयमा बाल कचरी कार्यक्रम गरी सो दिवस मनाइएको हो ।

सो अवसरमा सेभ द चिल्ड्रेनका बरिष्ठ कार्यक्रम संयोजक खिलानाथ निरौला, सबल नेपाल अध्यक्ष जुना गिरी, पत्रकार चन्दन कुमार यादब, बालअधिकारको सुनिश्चिताको लागि सबै सरोकारवालानिकायहरूले समन्वय गरेर अगाडि बढनुपर्नेमा जोड दिएका थिए ।

# मधेस प्रदेशमा दलित सहायता कक्ष राखिने

जनकपुरधाम, २९ भदौ (रासस) ।

मधेस प्रदेशका प्रहरी कार्यालयमा दलित समुदायको सहायता कक्ष (हेल्प डेक्स) स्थापना गरिने भएको छ । दलित समुदायका अगुवासँगको अन्तर्क्रियामा मधेस प्रदेशका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक मसउद आलम खाँले दलित समुदायलाई सहज होस् भन्ने उद्देश्यले सहायता डेक्स स्थापना गर्न लागेको जानकारी दिनुभयो ।

दलित समुदायलाई उजुरी दिन र उहाँहरूले आफ्नो समस्या सहजरूपमा प्रहरीसमक्ष राख्न सकोस् भन्ने उद्देश्यले प्रहरी कार्यालयभित्रै छुट्टै दलित सहायता डेक्स स्थापना गर्न लागेको र यसका लागि छिट्टै जिल्लाका प्रहरी प्रमुखहरूसँग समन्वय गरिने उहाँले बताउनुभयो ।

"दलित समुदायमा थुप्रै समस्या छन्, दिनैपिच्छे दलितहरू बिभिन्न समस्या भोग्न बाध्य छन् तर पनि प्रहरीसमक्ष सहजरूपमा आफ्ना कुरा राख्न सकिरहेको छैनन् भन्ने गुनासो आएको छ", प्रदेश प्रहरी प्रमुख खाँले भन्नुभयो, "त्यसैले तपाईँहरूको समस्यालाई समाधान गर्न र दलितको समस्या बुझ्न, उजुरी लिन हामी छिट्टै दलित सहायता कक्ष राख्छौँ ।" सकभर उक्त सहायता कक्षमा दलित समुदायकै प्रहरी कर्मचारीलाई परिचालन गर्ने छौँ, त्यो भएपछि त दलित समुदाय आफ्नो कुरा सहजरूपमा राख्न सक्छन्, उहाँको भनाइ थियो ।

दलित समुदायको समस्या र जातिय विभेदका मुद्दालाई प्रहरी प्राथमिकताका साथ हेर्दै आएको उल्लेख गर्नुहुँदै प्रहरी नायब महानिरीक्षक खाँले यस विषयमा छिट्टै जिल्लाका प्रहरी प्रमुखहरूसँग छलफल गर्ने आश्वासनसमेत दिनुभयो ।

कार्यक्रममा सरकारका पूर्वसचिव डा मानबहादुर विश्वकर्माले हरेक प्रहरी एकाइमा दलित समुदायका लागि छुट्टै सहायता कक्ष स्थापना गर्न सरकारले निर्देशन दिइसकेको र मधेस प्रदेश सरकारको दलित सशक्तीकरण ऐनसमेत निर्देश गरिसकेको अवस्थामा तत्काल प्रहरी कार्यालयमा दलित सहायता कक्ष स्थापना गर्नुपर्ने बताउनुभयो ।

उहाँले दलित समुदाय अझै विभिन्न किसिमका थिचोमिचोमा पर्दै आए पनि प्रहरीमा छुट्टै सहायता कक्ष नहुँदा अझै प्रहरीमा उजुरी दिन समस्या भोग्दै आएको बताउनुहुँदै तत्काल हेल्प डेक्स स्थापना भए दलित समुदायलाई प्रहरीसम्म पुग्न सहज हुने विश्वास व्यक्त गर्नुभयो ।

मानवअधिकार रक्षक सञ्जाल धनुषाको आयोजनामा आयोजित छलफल कार्यक्रममा दलित अगुवा रामेश्वर महरा, विनोद महरा, लक्ष्मी मण्डल, कुलदीप दासलगायतले प्रहरीको व्यवहारमा परिवर्तन नआउँदा दलितहरूले न्याय पाउन नसकेको गुनासो गर्नुभयो ।

# कुपोषणका शिकार बालवालिकालाई पोषिलो आहार

**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौ ।**

वाल दिवसको अवसर पारेर राजविराजस्थित कामना सेवा विकास बैंकले बुधवार कुपोषणका शिकार वालवालिकालाई पोषिलो आहार वितरण गरेका हुन् ।




स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल परिसर भित्र संचालनमा रहेको पोषाण पुर्नस्थापना गृहमा पुगी शाखा प्रबन्धक सूर्य नारायण मुखिया नेतृत्वको टोलीले चामल, दालका साथै पोषिलो आहारा गृहका स्वास्थ्यकर्मी इन्दिरा श्रेष्ठलाई हस्तान्तरण गरेका हुन् ।

समाजिक उत्तरदायित्व अर्न्तगत पोषिलो आहाराको जोहो गर्न नसक्दा कुपोषणको शिकार बन्न पुगेका शिशुहरुलाई उक्त सहयोग गरिएको शाखा प्रबन्धक मुखियाले बताए ।

पौष्टिक आहाराको अभावमा आमालाई दुध नपुगेर वच्चामा कुपोषण लाग्ने भएकाले आमा र शिशुको स्थास्थ्य प्रबर्द्धन गर्न उक्त सहयोग गरिएको समेत उनले बताए ।

सो अवसरमा उनले कुपोषणका हुने मृत्यु दर घटाउन सबैले आ-आफ्नो स्तरबाट सहयोग गर्नू पर्ने धारणा राखे । कार्यक्रममा बैंकको कर्मचारी विकास चौधरी, नविन दासका साथै संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।

# निमाविको लाइसेन्समा १८ प्रतिशत परीक्षार्थीमात्र उतीर्ण

**दैनिक समाचारदाता**
**काठमाडौं, २९ भदौ ।**

शिक्षक सेवा आयोगले निम्न माध्यमिक तहको शिक्षक अध्यापन अनुमति पत्र (लाइसेन्स) को नतिजा सार्वजनिक गरेको छ । जस अनुसार १८ प्रतिशत परीक्षार्थीमात्र उतीर्ण भएका छन् ।

२८ साउनमा लिएको लाइसेन्स परीक्षामा देशभरबाट १ लाख ८१ हजार ५७५ सहभागी भएका थिए । त्यसमध्ये ३२ हजार ८८८ जना अर्थात १८.११ प्रतिशतले मात्रै उतीर्ण भएका हुन् ।

प्रदेश १ बाट ३१ हजार ६८८ जना सहभागी भएकामा ६ हजार ४१९ जना, मधेशमा २५ हजार ८१ जना सहभागी भएकामा २ हजार ६५७ र बागमतीमा २६ हजार २८२ सहभागी भएकामा ६ हजार ५१९ जना उतीर्ण भएका छन् ।

त्यसैगरी गण्डकीमा १७ हजार ७६ परीक्षार्थीमध्ये ३ हजार ७५१, लुम्बिनीमा ३५ हजार १७९ परीक्षार्थीमध्ये ७ हजार ३०५, कर्णालीमा २४ हजार ६१३ परीक्षार्थीमध्ये ३ हजार २४४ र सूदुरपश्चिममा २१ हजार ६५६ परीक्षार्थीमध्ये ३ हजार २६३ ले मात्रै लाइसेन्स पाउन सफल भएका छन् ।


सर्पको टोकाईबाट बचौं र बचाऔं ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- घाईतेलाई सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी नसुताई सवारी साधनमा बसाएर लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*